# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
भरतपुर, चितवन
वागमती प्रदेश, नेपाल

०८२/०८३
च.नं. ३८१२

मिति: २०८२/११/२६
ने.सं. ११४६ चिल्लागा ७, मंगलबार

**आ.व. २०८३/०८४ को लागि न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२" को दफा १५ र १७ बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ मा न्यूनतम रोजगारीमा संलग्न हुन सामाजिक संरक्षण आवश्यक भएका विपन्न व्यक्ति वा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका १८-५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले **२०८२ चैत्र** मसान्तसम्म आवश्यक कागजात सहित स्थायी बसोवास रहेको वडा कार्यालयबाट फारम भरी दर्ता गराउन हुन जानकारी गरिन्छ । साथै अघिल्लो आ.व.मा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आ.व. २०८३/०८४ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउनुहुन अनुरोध छ ।

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु
१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी -१ प्रति
२. निवेदकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाण पत्र, सामाजिक सुरक्षा भत्ता, पेन्सन, तालिम लिएको भए त्यसको बिवरण निवेदनमा माग भएको स्थानमा अनिवार्य भर्नुपर्नेछ ।
४. निवेदक अन्यत्रबाट बसाइसराई वा विवाह भइ आएको (महिला) हकमा सोको प्रमाण पत्रको प्रतिलिपी-१ प्रति

*नोट : सूचिकृत मध्ये छनौट भएका बेरोजगारहरुलाई महानगरपालिकाबाट कार्यक्रमको निर्देशिका तथा कार्यविधिको अधिनमा रही न्यूनतम रोजगारीका क्षेत्रहरु जस्तै, भौतिक पूर्वाधार निर्माण तथा मर्मत संभार, स्वास्थ्य, शिक्षा, वातावरण संरक्षण, सिप तथा क्षमता विकास, स्थानीय तहमा गरिने विभिन्न अभियान जस्ता क्रियाकलापमा संलग्न गर्न सकिनेछ ।*

(वीरेन्द्र देव भारती)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Phone no.: 056-511467, 056-597004(Ext. 1030) Fax: 056-511467
Email: bmc@ntc.net.np, pmep.bmc@gmail.com Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषदबाट महानगरपालिका घोषणा मिति: फाल्गुन २७, २०७३)